# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ४ मितिः २०७६/११/२३ गते


## भाग-२

## शुक्लाफाँटा नगरपालिकाको नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन कार्यविधि २०७६

**प्रस्तावनाः**

यस शुक्लाफाँटा नगरपालिकाबाट सञ्चालन गरिने नवीकरणीय ऊर्जा कार्यक्रमहरुको उचित कार्यान्वयन र दक्षतापूर्ण व्यवस्थापन गर्नको लागि आवश्यक कार्यविधि बनाई यस क्षेत्रलाई सहज, नियमित र व्यवस्थित गर्न आवश्यक भएकोले शुक्लाफाँटा नगरपालिकाको कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधि को नामः **शुक्लाफाँटा नगरपालिकाको नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६** रहेको छ ।

(ख) यो कार्यविधि  शुक्लाफाँटा नगरपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**स्थानीय नवीकरणीय ऊर्जा नीति**" भन्नालेः शुक्लाफाँटा नगरपालिका को स्थानीय नवीकरणीय ऊर्जा नीति २०७६सम्झनु पर्छ ।

(ख) "**कार्यविधि**"भन्नालेःशुक्लाफाँटा नगरपालिका को नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६सम्झनुपर्छ।

(ग) "**सम्बन्धित निकाय**" भन्ना ले नेपाल सरकारको आधिकारिक निकाय वा नेपालसरकार बाट मान्यता प्राप्त संस्था सम्झनुपर्छ।

(घ) "**विकास साझेदार**" भन्नाले नवीकरणीय ऊर्जा कार्यक्रमहरू तथा परियोजनाहरू कार्यान्वयनको लागि सघाउने वैदेशिक दातृनिकायहरू सम्झनुपर्छ।

(ङ) “**बैंक वा वित्तीय संस्था**” भन्नाले बैंक वा वित्तीय संस्था ऐन (२०७३अनुसार नेपाल राष्ट्र बैंक बाट लाइसेन्स प्राप्त गरी बैंकिंग कारोबार गर्न स्वीकृत प्राप्त गरेका बैंक वा वित्तीय संस्थाहरु बुझ्नु पर्दछ ।

(च) “**पूर्वाधार विकास शाखा**”भन्नाले नगरपालिका अन्तर्गत पूर्वाधार हेर्ने शाखा र महाशाखा सम्झनुपर्छ ।

(छ) “**उर्जा इकाई**”भन्ना ले नगरपालिका ले उर्जा सम्बन्धि योजना संचालन,प्राविधिक मूल्यांकन तथा पुनरावलोकन गर्नको लागि नगर कार्यपालिकामा रहेको उर्जा इकाई भन्ने सम्झनु पर्दछ ।

(ज) “**ऊर्जासमिति**” भन्नाले स्थानीय स्तरमा नवीकरणीय ऊर्जा योजना सम्बन्धी निश्चित कार्यहरु सम्पादन गर्नको लागि नगरपालिका ले गठन गर्ने समितिसम्झनु पर्दछ ।

(झ) “**सामुदायिकसंस्था**” भन्नाले समुदाय मा भएका घरधुरीहरू को साझा उद्देश्य प्राप्तिका लागि समान स्वामित्व तथा पहुँचका आधार मा गठित संस्था सम्झनुपर्छ ।

(ञ) "**निर्देशक समिति**" भन्नाले यस नगरपालिकामा नविकरणीय उर्जा विकास तथा प्रवर्द्धनका लागि उर्जा सम्वन्धी नीतिगत

कानूनी तथा कार्यान्वयनको सुनिश्चितता गर्न दफा १२. १ वमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ट) "**उपभोक्तासमिति**" भन्नाले सामुदायिक संस्था हरुका प्रतिनिधि सदस्यहरु मिलेर नवीकरणीय ऊर्जा आयोजनाको स्थापना एवं सञ्चालनको लागि परस्पर लाभ एवं फाइदाको आधारमा गठनगरी सम्बन्धित निकायमा दर्ता भएका संस्था सम्झनु पर्छ ।

(ठ)"**लाभान्वित**"भन्नाले प्रवर्द्धन गरिएको नवीकरणीय ऊर्जा प्रविधिहरूको प्रयोगकर्ता वा लाभग्राही सम्झनुपर्छ।

(ड) "**सार्वजनिकसंस्थाहरू**" भन्नाले समुदायको परस्पर लाभ एवं फाइदाका लागि समान पहुँचको आधारमा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले सरकारी तथा सामुदायिक विद्यालय, गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति, सरकारी तथा सामुदायिक अस्पताल, प्रहरी तथा सैनिक ब्यारेक, स्वास्थ्य चौकी, धार्मिक स्थल, साँस्कृतिक तथा पुरातात्विक संघसंस्था र ट्रष्ट समेतलाई जनाउँछ ।

(ढ) "**व्यावसायिक संस्था**" भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना गरिएका निजी संस्था सम्झनुपर्छ।

(ण) “**निजी क्षेत्र**”भन्नाले नवीकरणीय ऊर्जा को सेवा वा वस्तु प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ ।

(त) “**स्वतन्त्र परामर्शदाता**”भन्नाले कुनै निश्चित कार्य गर्नका लागि शुक्लाफाँटा नगरकार्यपालिकाले सम्झौतागरी लिएको संस्था वा व्यक्ति सम्झनुपर्छ ।

(थ) “**घरयासी प्रणाली**”भन्नाले घरेलु सोलार ड्रायर र कुकर, घरेलु बायोग्यास, फलामे कोठा तताउने र खाना पकाउने चुलो, फलामे रकेट चुलो, ग्यासिफायर चुलो, सौर्य विद्युत् प्रणाली, साना सौर्य विद्युत् प्रणाली, धार्मिक स्थलहरूको लागि सौर्य ऊर्जा प्रणाली, घरेलु सौर्य फोटोभोल्टिक पानी तान्ने प्रणाली (खानेपानी र सिँचाइ प्रयोजनका लागि) र सुधारिएको पानी घट्ट (पिस्नको लागि) र सुधारिएको पानी घट्ट (कृषि कार्यको लागि) लगायतका घरेलु प्रयोजनमा प्रयोग हुने नवीकरणीय ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(द) “**संस्थागत प्रणालीहरू**”भन्नाले मध्यम र ठूला खालका सौर्यड्रायरहरू, संस्थागत सोलार कुकर, संस्थागत सौर्य विद्युत् प्रणाली, संस्थागत वायोग्यास, नगरपालिकाको स्वामित्व र आंशिक लगानीमा बनेका नगर फोहोरबाट चल्ने बायोग्यास, संस्थागत फलामे खाना पकाउने चुलो, संस्थागत फलामे

ग्यासिफायर चुलो, तापिय ग्यासिफायर प्रणाली र व्यावसायिक वायोग्यास लगायतका नवीकरणीय ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(ध) "**सामुदायिक प्रणाली**"भन्नाले साना तथा मझौला ग्रीड मा आधारित सौर्यफोटोभोल्टिक, वायु ऊर्जा प्रणालीहरू, सौर्य'वायु मिश्रित प्रणाली, पिको र लघु र साना जलविद्युत् (नयाँ), पिको र लघु र साना जलविद्युत् (पूर्नस्थापित), सौर्य खानेपानी प्रणाली, सौर्य सिँचाइको प्रणाली, सुधारिएको पानी घट्ट (विद्युतीकरणको लागि), सामुदायिक बायोग्याँस, बायोग्यासमा आधारित सामुदायिक विद्युतीकरण प्रणाली र सामुदायिक सोलार कुकर, सामुदायिक जैविक विद्युर्तीकरण प्रणाली (ग्यासिफायर प्रणाली) लगायतका नवीकरणीय ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(न)"**व्यावसायिक प्रणालीहरू** भन्नाले व्यावसायिक प्रयोजन को लागि प्रयोग भएका नवीकरणीय ऊर्जा प्रणालीहरू सम्झनुपर्छ।

(प) "**योजना विकासकर्ता**" भन्नाले कानून बमोजिम नवीकरणीय ऊर्जाका आयोजनामा आर्थिक लगानी गर्न इच्छुक निजीकम्पनी वा सामुदायिक संस्था वा सरकारी निकाय सम्झनु पर्छ ।

(फ) "**साना घरेलु सौर्य विद्युत प्रणाली**"भन्नाले ब्याट्री, सोलार चार्ज कन्ट्रोलर र उपयुक्त संख्यामा बल्बहरू समेतको १०देखि २०

वाटपिक क्षमता भएको सौर्य फोटोभोल्टिक पातासहितको सौर्य सौर्य प्रणाली सम्झनु पर्छ ।

(ब) "**सौर्य घरेलु विद्युत प्रणाली**"भन्नालेब्याट्री, सोलार चार्ज, कन्ट्रोलर र उपयुक्त संख्यामा बल्बहरू समेतको ५० वाट वा सो भन्दा बढी क्षमता भएको सौर्य फोटोभोल्टिक पातासहितको सौर्य प्रणाली सम्झनु पर्छ ।

(भ)"**घरायसी बायोग्यास प्लान्ट**"भन्नाले२ देखि १२ घन मिटर सम्मका गाई भैंसी वा अन्य पशुपंक्षीहरुको मलमा आधारित बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

(म) "**साना बायोग्यास प्लान्ट**" भन्नाले १२ घनमिटर देखि ३५ घन मिटर सम्म का बायोग्यास प्लान्ट सम्झनुपर्छ।

(य) "**माध्यम वायोग्यास प्लान्ट**"भन्नाले ३५घनमिटर देखि १०० घनमिटर सम्मका बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

(र)"**खरीद ऐन तथा नियमावली**" भन्ना ले सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ सम्झनु पर्छ ।

(ल) "**अनुदान**"भन्नाले नवीकरणीय ऊर्जा का प्रविधि जडान गर्न, विकास गर्न वा परिप्रयोगका लागि शुक्लाफाँटा नगरपालिकाले

घरधुरी, समुदाय वा संथालाई उपलब्ध गराउने एकमुष्ठ रकम सम्झनु पर्छ ।

(व) "**विशेष व्यवस्था**"भन्ना ले शुक्लाफाँटा नगरपालि का गठन पूर्व देखि नै सञ्चालन मा रहेका आयोजनाहरुलाई निरन्तर रुपमा सञ्चालन गर्न र यस शुक्लाफाँटा नगरपालिकाले अख्तियार गरेको स्थानीय नवीकरणीय ऊर्जा नीति २०७५ का प्रावधानरू पूर्ण रुपमा कार्यन्वयनमा नआएसम्म बाधा अड्काउ फुकाउ प्रयोजनको लागि गरिएको व्यवस्था भनेर बुझ्नु पर्दछ ।

## परिच्छेद -२

## उर्जा विकास निर्देशक समिती

**३. उर्जा विकास निर्देशक समितीको गठनः** नगरपालिमानविकरणीय उर्जा विकास तथा प्रवर्द्धनका लागि उर्जा सम्वन्धी नीतिगत कानूनी तथा कार्यान्वयनको सुनिश्चितता गर्ननगर प्रमुखको संयोजकात्वमा देहाय बमोजिमको उर्जा विकास निर्देशक समिती रहनेछ ।

(क) नगर प्रमुख- संयोजक

(ख) नगर उप-प्रमुख- सदस्य

(ग) पूर्वाधार विकास समिति संयोजक- सदस्य

(घ) उर्जा विकास समिति संयोजक- सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**४.उर्जा विकास निर्देशक समितिको काम कर्तव्य र अधिकारः** उर्जा विकास निर्देशक समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नविकरणीय उर्जाको विकासका लागि आवश्यक नीति, रणनीति तथा कानून निर्माण गर्ने ।

(२) नविकरणीय उर्जाको विकास र प्रबर्द्धन गर्न तथा उर्जा सम्वन्धि परियोजना संचालन गर्न आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड आदि विकास गर्नेछ।

(३) नविकरणीय उर्जा सम्बन्धि परियोजना / कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने भौतिक, आर्थिक तथा समाजिक सहयोग उपलब्ध गराउन समन्वय गर्ने ।

(४) नविकरणीय उर्जा कार्यक्रमको प्रभावकारीता मूल्याङ्कन गर्ने ।

## परिच्छेद -३

## नगर उर्जा समिती

**५. उर्जा समितीको गठनः** नगरपालिका मा नविकरणीय ऊर्जा योजना सम्बन्धी निश्चित कार्यक्रम तथा योजनाहरु सम्पादन गर्न को लागि नगरपालिकामा देहाय बमोजिमको नगर उर्जा समिती रहनेछ ।

(क) कार्यपालिकाले तोकेको वडा अध्यक्ष- संयोजक

(ख) कार्यपालिकाले तोकेको कम्तिमा २ महिला सहित ५ जना- सदस्य

(ग) उर्जा कार्यक्रम फोकल पर्सन- सदस्य सचिव

**६. नगर उर्जा समितिको काम कर्तव्य र अधिकारः** (१) नगरपालिकामा उर्जा सम्बन्धि कार्यहरु गर्न एक उर्जा इकाई रहनेछ ।

(२) नगरपालिकाको उर्जा ईकाईले नगर उर्जा समितिको साचिवालयको रुपमा काम गर्नेछ तथा नगरपालिका अन्तरगत संचालन गरिने उर्जा संबन्धि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(१) नविकरण उर्जाको विकास तथा प्रवर्द्धनका लागि, नवकरणिय उर्जा विकास सम्बन्धि वार्षिक योजना तर्जुमा गर्ने ।

(२) नाविकरणिय उर्जा विकास सम्बन्धि योजना तथा नविकरणिय उर्जा कार्यक्रम कार्यान्वयन, परिचालन गर्ने उर्जा सम्बन्धि कार्य गर्ने कार्यकारणी भुमिका रहने।

(३) नविकरणिय उर्जा विकासका लागि नव पर्वर्तनहरुको अनुसंधान र खोजी गर्ने ।

(४) प्राविधिक दिग्गर्शन, निर्देशिका र मापदण्डहरुको अध्यन गरी स्वीकृतिको लागि नगरपालिकामा सिफारिस गर्ने,

(५) योजनाको सम्भाव्यता अध्ययन प्रतिदनको प्राविधिक, आर्थिक, सामाजिक पक्षको मूल्यांकन तथा विश्लेषण गरी स्वीकृतिको लागि नगरपालिकामा सिफारिस गर्ने,

(६) योजना सञ्चालनको क्रममा गरिने प्राविधिक परीक्षण, गुणस्तर नियन्त्रण एवं मूल्यांकनको प्रतिवेदनलाई स्वीकृतिको लागि नगरपालिकामा सिफारिस गर्ने,

(७) योजना सम्पन भएपश्चात स्थलगतरुपमा भौतिक प्रगतिको परीक्षण एवं प्रमाणीकरण गर्ने,

(८) नगरपालिकाबाट उपभोक्ता र लक्षित वर्गलाई व्यवहार परिवर्तनका लागि सञ्चार शिक्षा, ऊर्जाको प्रविधिको अनुदान, कानूनी प्रक्रिया, प्रावधान, तथा लैंगिक समानता र सामाजिक

समावेशीकरणसम्बन्धी अभिमुखीकरण, सचेतना शिक्षा र जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(९) बैकल्पिक उर्जा प्रवर्द्धन गर्न नगर क्षेत्रका सामुदायिक वन, बैकल्पिक उर्जा सम्बन्धि काम गर्ने सेवा प्रदायक संघ संस्था, तथा अन्य सरोकार वालहरु निकायहरु संग समन्वय तथा सहकार्य गर्ने ।

(१०) नगर क्षेत्रभित्र वैकल्पिक उर्जाको विकासका लागि तथा दक्ष जनशक्ति उत्पादनका लागि तालिम संचालन गर्ने ।

(११) नविकरणिय उर्जा प्रवर्द्धनका लागि आगामी आ. व.मा नगर उर्जा समितिले संचालन गर्ने बार्षिक कार्यक्रम तर्जुमा गरि स्वीकृतिका लागि नगर कार्यपालिका तथा नगर सभामा पेश गर्ने ।

(१२) योजना तथा कार्यक्रम संचालन गर्दा औचित्यताका आधारमा उर्जा कार्यक्रम संसोधन तथा रकमान्तरका लागि तथा बजेट थपका लागि उर्जा समितिले निर्णय गरि स्वीकृतीका लागि कार्यपालिका तथा नगर सभामा पेश गर्ने ।

(१३) दफा ८ बमोजिम उर्जा प्रविधिको आधार मूल्य निर्धारण गर्ने ।

**७. उर्जा समितिको बैठकः** (१)नगर उर्जा समितिको बैठकक मासिक रुपमा बस्नेछ ।

(२) बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(३) बैठकका सहभागीहरुलाई नगरपालिकाको बजेटको सिमा भित्र रही बैठक भत्ता दैनिक रू १५०० मा नबढ्ने गरी नियमानुसार करकट्टी गरि उपलब्ध गराईनेछ ।

**८. घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारणः** (१) शुक्लाफाँटा नगरपालिका उर्जा समितिले नवीकरणीय ऊर्जा नीतिअनुसार घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण गर्दा देहायका आधार लिइ गर्नेछः

(क)शुक्लाफाँटा नगरपालिका पालिकाले अघिल्ला वर्षमा सोही प्रकृतिका प्रणाली उपलब्ध गराउँदा लागेको वास्तविक लागत रकम

(ख) स्थानीय तह वा प्रदेश स्तरमा रहेको प्रचलित मूल्य दर

(ग)अन्य सरकारी निकायले समेत प्रणाली खरीद तथा जडान गर्दै आएको भए त्यस्ता निकायले खरीद गरी लिएको दर

**९. नवीकरणीय ऊर्जा कार्यक्रमको कार्यान्वयन र परिचालनः** (१) शुक्लाफाँटा नगरपालिकाले आफ्नो भौगालिक क्षेत्रभित्र

नवीकरणीय ऊर्जाको उत्पादन र विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सामान्यतयाः उपभोक्ताहरुको समावेशी सहभागिता र संलग्नतामा सञ्चालन गर्ने छ ।

(२)शुक्लाफाँटा नगरपालिकाले नवीकरणीय उर्जा कार्यक्रम सञ्चालन गर्दा ऊर्जा उत्पादन गर्न सम्बन्धित उपभोक्तालाई लक्षित वर्गको आर्थिक सामाजिक विपन्नता र प्राथमिकीकरणको आधारमा स्वीकृत आर्थिक अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) शुक्लाफाँटा नगरपालिकाले कार्यक्रम परिचालन गर्दा नगरपालिकामा उपलब्ध वा सम्भाव्य ऊर्जा स्रोत, उत्पादन लागत, प्रविधिको गुणस्तरलगायतको अध्ययन गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने छ ।

(४) शुक्लाफाँटा नगरपालिकाले आफैंले वस्तु वा सेवा खरिद गरि नवीकरणीय उर्जा विकास गर्दा खरिद गरिने वस्तु सेवाको मापदण्ड, गुणस्तर तथा खरिद प्रकृया प्रचलित स्थानिय, प्रदेश र संघीय कानून बमोजिम हुनेछ ।

(५) दातृ निकाय वा विकास साझेदार संस्थाको सहयोगमा संचालनमा रहेका नवीकरणीय उर्जा सम्बन्धि योजना र कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक समन्वय गरी स्वीकृत कार्यक्रम कार्यक्रम दस्तावेज, कार्ययोजना, वैकल्पिक उर्जा

प्रवर्द्धन केन्द्र तथा संघीय सरकार अन्तरगतकानिकायहरु संग सम्झौता भएको भएसोही अनुसार कार्यान्वयन गरिनेछ ।

(६) संघीय सरकारवाट प्राप्त सशर्त अनुदानको लागि तोकिएको नवीकरणीय ऊर्जाको प्रविधि कारणवश कार्यान्वयनका लागि सम्भाव्य नदेखिएमा वा नगरपालिकाको प्राथमिकतामा नपरेको खण्डमा कार्यपालिकाको निर्णय अनुसार अन्य नवीकरणीय ऊर्जाका प्रविधि निर्माण वा जडानसम्बन्धी शिर्षकमा रकमान्तर गरी खर्च गर्न सकिने छ ।

१०. **वडा कार्यालयको काम, कर्तव्यः** (१)आफ्नो वडा भित्र नविकरणिय उर्जाको आवश्यकता पहिचान गरि तोकिएको ढाँचामा अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ।

(२)उपदफा(१) बमोजिम वडा कार्यालय मा विवरण अध्यावधिक नहुँदा सम्म नगरपालिका क्षेत्रभित्र को सम्पूर्ण विबरणउर्जा समिति मा राखिनेछ।

(३) उर्जा सम्बन्धि योजना कार्यान्वयन, उर्जा सम्बन्धि अनुदान प्राप्तिका लागि नगरपालिकालाई सिफारिस गर्ने दायित्व वडा कार्यालयको हुनेछ ।

(४) शुक्लाफाँटा नगरपालिका आफैंले बस्तु वा सेवा खरीदगरी नवीकरणीय ऊर्जा विकास गर्दा खरीद गरिने वस्तु वा सेवाको मापदण्ड, गुणस्तर तथा खरीद प्रकृया अवस्था अनुसार प्रचलित 'स्थानीय ऐन वा प्रदेश सरकार वा संघीय सरकाको ऐन नियम बमोजम हुनेछ ।

(५) शुक्लाफाँटा नगरपालिकाले अनुदान वा प्राविधिक सहयोग उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्दा यसै कार्यविधि अनुसार गरिने छ ।

## परिच्छेद- ४

## अनुदान परिचालन

**११. अनुदान दिन सक्नेः** (१) शुक्लाफाँटा नगरपालिकाले नविकरणिय उर्जा सम्बन्धि अनुदान वितरण गर्न सक्नेछ ।

(२) अनुदान वितरण गर्दा विनियोजित वजेटको परिधिमा रही माग संकलन गरी, उर्जा समितिको निर्णयअनुसारसोझै लाभग्राहीलाई समेत वितरण गर्न सकिनेछ ।

**१२. अनुदान परिचालनको सैद्धान्तिक आधारः** (१) घरायसी नवीकरणीय ऊर्जा प्रणालीको लागि अनुदान प्राप्त गर्न उपभोक्ता अनिवार्य रुपमा नेपाली नागरिक हुनु पर्नेछ र निजले सोही

घरका लागि सोही क्षमता वा बढीको उर्जा प्रणालीको लागि अनुदान लिइसकेको हुनु हुंदैन ।

(२) एकल महिला, महिला घरमूली भएको घर, पछाडि परेका वर्ग तथा समुदाय र गरीब परिवारलाई अनुदानमा विशेष प्राथमिकता दिइने छ ।

(३) आधारभूत अवस्थाको लेखाजोखाः नवीकरणीय ऊर्जाको माग तथा सम्बन्धित आधारभूत तथ्यांकहरुको लेखाजोखा देहायको आधारमा गरिनेछ

(४) घरेलु प्रणालीबाट विद्युतीकरण गर्नुपर्ने घरेलु सौर्य प्रणाली, सुधारिएको चुलो वा वायोग्याँस प्रणाली जडान गर्नु पर्ने जात, लिंग, तथा वर्गको आधारमा खण्डीकृत तथ्यांकसहितका घरधुरीको संख्या,

(५) शुक्लाफाँटा नगरपालिकाबाट सहयोग गरिने नवीकरणीय ऊर्जा प्रवद्र्धन सम्बन्धी कार्यक्रमको स्थानीय तथ्यांक प्रणाली (जात, लिंग, तथा वर्गको आधारमा खण्डीकृत तथ्यांकसहितका),

(६) शुक्लाफाँटा नगरपालिकाको तथ्यांक (जात, लिंग, तथा वर्गको आधारमा खण्डीकृत तथ्यांकसहितका) वा राष्ट्रिय आर्थिक सर्वेक्षण प्रतिवेदन,

(७) शुक्लाफाँटा नगरपालिकाले स्थानीय तहमा घरधुरीअनुसार ऊर्जा मागको मानचित्र तयार गरी ऊर्जा योजना वा कार्यक्रम बनाउने र सोहीअनुसार ती घरधुरीमा विद्युत् र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको लक्ष्य निर्धारण गर्ने ।

**१३. परिचालनः** विभिन्न भौगोलिक क्षेत्रको माग तथा आपूर्तिमा आधारित भई देहायका मध्ये कुनै एक तरिका अवलम्बन गरी अनुदान परिचालन गरिनेछः (१)प्रतिस्पर्धी कम्पनीमार्फत परिचालनः यस तरिका अन्तर्गतको प्रक्रिया देहाय वमोजिम हुनेछः

(क) नगरपालिकाले प्रतिस्पर्धाको आधारमा अनुदान वितरण गर्न कम्पनी छनौट गर्न सकिनेछ ।

(ख) अनुदान वितरण भएका कम्पनीले मागको सिर्जना, बजारीकरण र स्वच्छ ऊर्जा प्रणालीको बिक्री तथा मर्मतसम्भारका लागि आफैं जिम्मेवार हुनुपर्नेछ ।

(ग) छनोट भएका कम्पनीबाहेक अन्य कम्पनीहरुले सोही क्षेत्रमा विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवद्धर्धनका लागि कार्य गर्न सक्नेछन् ।तर नगरपालिकाबाट प्रवाह गरिने अनुदानका लागि योग्य हुन सक्ने छैनन् ।

(घ) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउँदा समेत सोही प्रक्रियाबाट अनुदान उपलब्ध गराइने छ ।

२. मान्यता प्राप्त कम्पनीमार्फत परिचालनः(क) अनुदान प्राप्तिका लागि मान्यता प्राप्त सूचीकृत कम्पनीमार्फत उपलब्ध हुने प्रविधिहरूमध्येबाट उत्तम प्रविधिको छनोट सम्बन्धित घरधुरीले स्वयं गरी प्रविधि जडान गर्नु पर्नेछ।

## परिच्छेद-५

## अनुगमन तथा मूल्याङ्कन

**१४. अनुगमन तथा मूल्याङ्कनः** (१) नविकरणीय उर्जा कार्यक्रम संचालनका क्रममा नगरपालिकामा योजना अनुगमन प्रयोजनका लागि गठित अनुगमन समिति, निर्देशक समिति, उर्जा विकास समिति तथा वडा प्रतिनिधिले अनुगमन गर्न सक्नेछन ।

(२) कार्यक्रम संचालन गरेपश्चात भुक्तानि गर्नु भन्दा अगाडी नगरपालिकामा योजना अनुगमन प्रयोजनका लागि गठित अनुगमन समितिवाट अनुगमन गरेको प्रतिवेदन अनिवार्य हुनेछ।

(३) अनुगमन समितिले अनुगमन गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्नेछ ।

(४) अनुगमन गरे वापत उपलब्ध बजेटको सिमा भित्र रहि दैनिक रू. १५०० का दरले अनुगमन भत्ता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-६

## विविध

**१५.** शुक्लाफाँटा नगरपालिकामा सूचीकृत हुन योग्य कम्पनी छनौट गर्ने उपयुक्त संयन्त्र तयार नभएसम्म वा अन्य परिस्थितिजन्य अवस्थामा संघीय सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त कम्पनीहरु मार्फत घरायसी, व्यावसायीक, सामुदायिक र संस्थागत नवीकरणीय ऊर्जा प्रणाली एबं प्रविधिहरुको आपूर्ति, उत्पादन, वितरण र जडान वा बिक्रीपछिको सेवा लिन सकिने छ ।

**१६.** दातृ निकाय वा विकास साझेदार संथाको सहयोगमा सञ्चालनमा रहेका नवीकरणीय ऊर्जासम्बन्धी योजना र कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक समन्वय गरी स्वीकृत कार्यक्रम दस्तावेज (Project Document) एवं कार्ययोजना , संघीय सरकार (बैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र) सँग भएका

सम्झौता वा सहमतिपत्र या Understanding अनुसार कार्यान्वयनमा निरन्तरता दिइनेछ

**१७.** निर्माण र जडान कार्य शुरु भएका तर सम्पन्न नभएका आयोजनाहरु संघीय सरकारबाट स्वीकृति प्राप्त कार्यविधि अनुशार कार्यान्वयन गरिने छ ।

**१८.** "संघीय सरकार वा प्रदेश सरकारद्वारा उपलब्ध गराइएको सशर्त अनुदानको रकम परिचालन गर्दा तोकिएको अनुदानको दर र शर्तहरुको अधिनमा रही कार्यक्रम कार्यान्वयन गर्नसकिनेछ ।

**१९. व्याख्याः** यस नवीकरणीय ऊर्जा कार्यक्रम परिचालन कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कुनै अस्पष्टता, अन्योल वा समस्या उत्पन्न भएमा कार्यपालिकाले त्यसको अन्तिम व्याख्या गर्नेछ ।

**२०. संशोधन** - नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संसोधन गर्न सक्ने छ ।

**आज्ञाले,**

**विशनसिंह थापा**

**प्रमुख प्रशासकीय अधिकृत**